दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १६५ | बुटवल | २०८३ असार ०३ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday Jun 17, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## खोलाले बगाएर एक विद्यार्थीको मृत्यु, एक बेपत्ता



प्यूठान । प्यूठानमा विद्यालयबाट फर्किरहेका दुई बालकलाई बर्खे बाढीले बगाएको छ । उक्त घटनामा एक बालकको मृत्यु भएको छ भने अर्का बालक बेपत्ता भएका छन् । प्यूठानको नौबहिनी गाउँपालिका-५ काँटेमा विद्यालयबाट घर फर्किरहेका स्थानीय यामबहादुर खत्रीका दुई छोरा विमल र मिलनलाई बर्खे बाढीले बगाएको हो ।

घटनामा विमलको शव फेला परेको छ भने मिलन बेपत्ता रहेको स्थानीय महेश थापाले जानकारी दिएका छन् । उनको खोजी भइरहेको छ । विमल कक्षा १ मा र मिलन कक्षा ३ मा अध्ययनरत थिए ।

थापाका अनुसार अकस्मात् आएको वर्षापछिको बाढीले दुवै जनालाई बगाएको हो । घटनाको थप विवरण आउन बाँकी छ ।

## सञ्जिव गौतम कारागार चलान

बुटवल । नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सञ्जिव गौतम कारागार चलान भएका छन् ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको भ्रष्टाचार मुद्दामा विशेष अदालतले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो । पुर्पक्षका लागि सोमबार अदालतमा उपस्थित भएका गौतमलाई विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासले कारागार चलान गर्न आदेश दिएको अदालतले जनाएको छ ।

उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक गौतम र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाका तत्कालीन निर्देशक प्रदीप अधिकारीले ईन्जिनियरिङ खरिद निर्माण सम्झौतामा भएको २८ लाख अमेरिकी डलर खर्च नगरी अस्वाभाविक रुपमा लागत बढाई प्राधिकरणको छुट्टै बजेटबाट ५० करोड ३४ लाख ४० हजार ६९६ रुपैयाँ हिनामिना गरेको आरोप छ ।

हिनामिना गर्ने योजनाका साथ पेश गरेको राय सिफारिसमा सहमति जनाई स्वीकृति दिएको र सोही स्वीकृतिको निरन्तरताबाट ४२ करोड ८९ लाख ३६ हजार सात सय रुपैयाँको सम्झौता भएको थियो ।

यस्तो गर्दा आठ करोड ९५ लाख दुई हजार ७८० रुपैयाँ हानिनोक्सानी गरेको भन्दै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको दाबी गर्दै सोही बराबरको बिगो कायम गरेर अख्तियारले मुद्दा दायर गरेको थियो । ६ करोड ७३ लाख ९९ हजार ६४८ रुपैयाँ निजबाट असुल उपर गर्न माग दाबी लिइएको छ ।

उनले अदालतमा बयान गर्दा आरोप दाबी बमोजिम आफूले नेपाल नागरिक उड्डयन प्राधिकरणको कुनै पनि रकम हिनामिना गर्ने कार्य नगरेको भन्दै इन्कारी बयान दिएका थिए ।

तर खरिद सम्झौतामा उनको पदीय जिम्मेवारी र भूमिका समेत तत्काल प्राप्त आधार प्रमाणलाई दृष्टिगत गर्दा पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई पूर्पक्षको लागि कारागार पठाउने विशेष अदालतले आदेश गरेको छ । प्रदीप अधिकारीलाई भने यसअघि नै कारागार चलान गरिसकेको थियो ।

# मन्त्रीको घरको पेटीबाट उखु पेल्ने मेसिन जफत र व्यवसायीमाथि हातपातको घटना के हो ?

व्यक्तिको निजी सम्पत्तिको नैसर्गिक अधिकारमाथि कसैको ठाडो निर्देशनमा नगर प्रहरी र फोहोर मैला व्यवस्थापनका ठेकेदारले गैरकानुनी दादागिरी गरेको पीडितको गुनासो छ ।

**लुम्बिनी संवाददाता**
*बुटवल*



मंगलबार बिहानै बुटवलको ट्राफिकचोकबाट बुटवल उप-महानगरले नगर सरसफाइ कार्यक्रम आयोजना गरेको थियो । नगर सरसफाइका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरीसहित सुरक्षा निकाय, विद्यार्थी, उप-महानगरका नगरप्रमुख खेलराज पाण्डेय, नगर प्रहरी र कर्मचारीहरु आएका थिए ।

सरसफाइ सुरु भएको केही बेरमै ट्राफिकचोकबाट केही दक्षिणतर्फ सिद्धार्थ राजमार्ग छेउमै रहेको लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीको घर अगाडि आइपुग्दा माहोल फेरियो । बिहान साढे ७ बजेतिर सरसफाइ गर्न आएको मेयर पाण्डेयसहितको टोली र मन्त्री कार्कीको घरमा होटेल र घरकै पेटीमा उखु पेल्ने काम गर्दै आएका गोकर्ण रायमाझीबिच विवाद, धकेलाधकेलको स्थिति बन्यो । त्यही क्रममा नगरप्रमुख पाण्डेयले घरको पेटी जुन भाग सडक क्षेत्रमा पर्दैन, त्यहाँ राखिएको उखु पेल्ने मेसिन उठाएर लैजान ठाडो निर्देशन दिएपछि विवाद बढेर हात हालाहाल र धकेलाधकेलको अवस्थामा पुग्यो । नगर प्रहरीले व्यवसायी रायमाझीलाई धकेल्दै मेसिन उठाएर उप-महानगरको गाडीमा हाले । त्यसमा बुटवल उप-महानगरबाट फोहोर व्यवस्थापनको ठेक्का पाएको सुन्दर नेपाल प्रालिका प्रतिनिधि बलभद्र पुरीले पनि रायमाझीमाथि हातपात गरे । उप-महानगरको टोलीले उखु पेल्ने ठाउँ अगाडि उखु पेल्दा निस्कने छोक्रा सडकको सर्भिस लेनभन्दा बाहिर फ्याँकेर फोहोर गरेको आरोप लगाउँदै पसल धनी रायमाझी आफैँले उक्त फोहोर टिपेर हटाउनुपर्ने दबाब दिएका थिए । पसल धनी रायमाझीले भने त्यहाँ रहेको फोहोर आफूले नदेखेको, आफ्नै पसलबाट फ्याँकिएको भन्ने यकिन पनि नभएको तर्क गर्दै कर्मचारीलाई फोहोर हटाउन लगाउने भनेका थिए । त्यत्तिकैमा नगर प्रमुख पाण्डेयले आफैँले फोहोर गर्ने अझ ठूला कुरा गर्ने भन्दै उखु पेल्ने मेसिन उठाएर लैजान निर्देशन दिएपछि आफूलाई पीडा भएर आक्रोशमा आएको रायमाझीले बताए । 'मेयरले नै ठाडो निर्देशन दिएर मेसिन उठाएर लैजा भनेपछि म पनि आक्रोशमा आउनु स्वभाविक थियो, तै पनि मैले गर्न नहुने, बोल्न नहुने केही गरेको बोलेको थिइन,' रायमाझीले भने-'सडकमा फोहोर कस्ले फाल्यो त्यो मलाई थाहा भएन, उनीहरुले एकोहोरो आरोप लगाए, त्यहाँ हेर्दा देखिने गरी फोहोर पनि थिएन, कर्मचारीले फालेका हुन पनि सक्छन् भनेर मैले केटाहरुलाई फोहोर उठाउन बोलाएको थिए, दुई जना बोरा लिएर बाहिर आउँदै पनि थिए, तर ममाथि नगर प्रहरी र फोहोरको ठेकेदारबाट हातपात भयो, सबैका अगाडि मेरो सार्वजनिक बेइज्जत गरियो ।'

रायमाझीले विद्यार्थी र अरु मान्छे ल्याएर सरसफाइ गर्ने आफूले फोटो भिडियो खिचाएर मिडियाबाट प्रचार गराउने काम भएको भनेपछि नगरप्रमुख, नगर प्रहरी र ठेकेदार आफूविरुद्ध उत्रिएको रायमाझीले गुनासो गरे ।

सडक क्षेत्रभन्दा बाहिर घरको पेटीमा राखिएको मेसिन उठाएर लैजानू र व्यवसायीमाथि नगर प्रमुखकै निर्देशनमा हातपातमा उत्रिनुले आफूले असुरक्षित महससुह गरेको र मिडियामार्फत् भिडियोसहित प्रचार हुँदा सार्जजनिक बेइज्जत र मानहानी भएको उनले गुनासो गरे ।

'२०७९ को चुनावमा खेलराज पाण्डेयलाई जिताउन सबै खालको सहयोग गरेको थिएं, हामी एउटै पार्टीका मान्छे हौं, तर अहिले आएर उहाँको व्यवहार र शैलीबाट निकै ठूलो पीडा भएको छ,' रायमाझीले भने-'मैले कुनै गल्ती गरेको थिइन, सडक क्षेत्रमा व्यवसाय गरेको पनि छैन, उखु पेल्दा निस्कने फोहोर कार्टुनमा जम्मा गरेर फोहोर बोक्न आउने गाडीलाई दिन्थ्यौं, आज त गाडी पनि आएको थिएन अनि सडकमा देखिएको फाहोरको जिम्मा मैले लिन मिल्छ त ? यो कस्तो नियम कानुन हो ? '

आफूले उपमेयरसँग सल्लाह गरेर पुरानो ठूलो मेसिनले फाहोर हुन सक्छ भनेर त्यसलाई हटाएर ६० हजारमा सानो आधुनिक मेसिन राखेको बताए । उखु पेल्ने मेसिन राखे वापत मासिक ५ सय रुपैयाँ र होटेल सञ्चालन वापत मासिक एक हजार ५० रुपैयाँ मासिक फोहोर मैला शुल्क तिर्दै आएको रायमाझीले बताए ।

आफूमाथि हातपात र मेसिन उठाएर लगेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि नेपाली कांग्रेसका विभिन्न व्यक्तिबाट मेसिन फिर्ता दिइहाल्छ मिलेर जानुपर्छ भन्दै आफूलाई फकाउने प्रयास भएको, तर आफूले नमानेको रायमाझीले बताए ।

'मलाई मिडियामार्फत् बेइज्जत हुने गरी जसरी गलत प्रचार गराइयो, अब मेयर, नगर प्रहरी र ठेकेदारले मेरै पसल अगाडि मिडिया राखेर हामीबाट गल्ती भयो भन्नुपर्छ, अन्यथा कानुनी उपचार खोज्नुको विकल्प छैन ।'-रायमाझीले भने । व्यवसायीको तर्फबाट सानोतिनो कमजोरी भएकै रहेछ भने पनि अब फाहोर नगर्नु भनेर जरिवाना लिएको भए वा एक दुई दिनको अल्टिमेटम दिन पनि सकिन्थ्यो, तर मेयर,नगर प्रहरी र फोहोरका ठेकेदारले कानून हातमा लिएर गैर कानुनी हर्कत गरेको व्यवसायी मनोज रायमाझीले बताए ।

'उपमहानगरको तर्फबाट भएको ज्यादतीले मनोबल गिरेको र व्यवसाय गर्ने कि छाड्ने भन्ने अन्योलता सिर्जना भएको उनले बताए । 'सम्झाएर, बुझाएर समाधान हुने कुरामा गैरकानुनी ठाडो निर्देशन दिने परिपाटीले व्यवसायिक वातावरण बिग्रंदै गएको छ, यसतर्फ निजी क्षेत्रका संस्थाहरु बोल्नुपर्छ ।'-मनोजले भने ।

घरधनी मन्त्री धनेन्द्र कार्कीका भाइ दिलिप कार्कीले बुटवल उप-महानगरका नगरप्रमुख खेलराज पाण्डेयले व्यक्तिको निजी सम्पतिभित्र रहेको व्यवसायको सामान उठाएर लैजान दिएको ठाडो निर्देशन गैरकानुनी र निन्दनीय रहेको बताए । उखु पेल्ने मेसिन राखेको ठाउँ नितान्त घरको पेटी भएको र यो सडकको क्षेत्राधिकारभित्र नपर्ने कार्कीले स्पष्ट पारे ।

कसैले गल्ती नै गरेको भए पनि कानुनी राज्यमा बिक्री प्रकृयासम्मत कारबाही गर्नुपर्नेमा अर्काको सामान उठाएर लैजाने र व्यवसायीमाथि नगर प्रहरी लगाएर हातपात गर्नु निन्दनीय र आपत्तिजनक रहेको कार्कीले बताए । उपमहानगरको कार्यशैली र रवैयाले बुटवलको व्यवसायिक वातावरण दिनप्रतिदिन खस्किंदै गएको र छिमेकी पालिकाहरु तिलोत्तमा, सैनामैनातिर व्यवसायीहरु स्थानान्तरण भइरहेको कार्कीले बताए ।

'नगर प्रमुख जस्तो व्यक्तिले कानुन हातमा लिएर अर्काको पसलको मेसिन उठाएर लैजा भनेर नगर प्रहरीलाई निर्देशन दिन मिल्छ ?,' प्रश्न गर्दै कार्कीले भने-'मेयरको ठाडो निर्देशनमा नगर प्रहरी र फोहोर मैलाका ठेकेदारले गैरकानुनी दादागिरी गरेका छन्, यसले विधि र कानुनी शासनको धज्जी उडाएको छ, उनीहरुले माफी नमागे यसविरुद्ध हामी कानुनी उपचार पनि खोज्न सक्छौं ।'

यसअघि बुटवल उप-महानगरका जनप्रतिनिधिकै साथमा नगर प्रहरीले बुटवलका फेन्सी पसल, भाँडा पसल, सिरक डसना पसलहरुमा गएर जबरजस्त सामान कब्जामा लिएको थियो । उक्त घटनाको चौतर्फी आलोचनापछि नगर प्रमुख पाण्डेयले कमजोरी स्वीकार्दै आइन्दा त्यस्तो व्यवहार नगर्ने भाषण गरेका थिए । तर मंगलबार फेरि पुरानै प्रवृत्ति दोहोरिएपछि सामाजिक सञ्चालमा चर्को आलोचना भइरहेको छ ।

उक्त घटनाकी प्रत्यक्षदर्शी उपमहानगरकी अधिकृत देवका पोखरेलले उखु पेल्ने पसल अगाडि फोहोर देखिएपछि विवाद भएको बताइन् । पसल धनीले नगर प्रमुख र नगर प्रहरीले भनेपछि आफैँले फोहोर उठाएको भए मेसिन उठाएर लैजान नपर्ने उनले जिकिर गरिन् ।

उप-प्रमुख सावित्रादेवी अर्यालले आफू सरसफाइ कार्यक्रममा नगएको बताइन् । होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष माधवकुमार खनालले संघका कार्यसमिति सदस्य समेत रहेका व्यवसायी रायमाझीमाथि बुटवल उपमहानगरका जनप्रतिनिधि, नगर प्रहरीबाट भएको ज्यादती निन्दनीय र आपत्तिजनक रहेको बताए । स्थानीय सरकार व्यवसायीको अभिभावक हुनुपर्नेमा सस्तो लोकप्रियता र भाइरल हुने होडबाजीमा लागेर व्यवसायीमाथि पटक पटक ज्यादती हुने गरेको भन्दै यस्ता गैरकानुनी गतिविधि रोक्न माग गरे ।

# लुम्बिनीको बजेटमा स्थानीय तहलाई पाँच अर्ब बढी हस्तान्तरण



दाङ । लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको बजेट सार्वजनिक गऱ्यो । जुन बजेट चालु आर्थिक वर्षको भन्दा एक अर्ब ५३ करोड थोरै हो । प्रदेश सरकारले कार्यान्वयनयोग्य बजेट ल्याएको सरकारको दाबी छ । मुख्यमन्त्री चेतनारायण आचार्य र आर्थिक मामिला मन्त्री धनेन्द्र कार्की दुबैले यसपटक कार्यान्वयन हुने बजेट ल्याएको दाबी गरे ।

सरकारले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन, कृषि आधुनिकीकरण, भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, पर्यटन र सूचना प्रविधिलाई प्राथमिकतामा राखेर बजेट ल्याएकाले कार्यान्वयन हुने मुख्यमन्त्री आचार्यले बताए ।

कुल बजेटमध्ये चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार रुपैयाँ अर्थात् २९.७३ प्रतिशत, पुँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रुपैयाँ अर्थात् ६०.७७ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ ३ अर्ब ५५ करोड ५२ लाख ५० हजार रुपैयाँ अर्थात् ९.५० प्रतिशत विनियोजन गरिएको छ ।

प्रदेश सरकारले प्रस्तुत बजेटले उत्पादन वृद्धि, रोजगारी सिर्जना, सेवा प्रवाह सुधार, पूर्वाधार विकास र सुशासन प्रवर्द्धनमार्फत 'समृद्ध लुम्बिनी, खुसी नागरिक' को लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ ।

बजेटको प्रमुख प्राथमिकतामा उद्यमशीलता र रोजगारी परेको छ । 'उद्यमशील लुम्बिनी अभियान' सञ्चालनका लागि ५२ करोड रुपैयाँ विनियोजन गरिएको छ । महिला, दलित तथा स्वदेशमै उद्यम गर्न चाहने युवालाई बिउ पुँजी, कर्जा सुरक्षण र ब्याज सहुलियत उपलब्ध गराइने भएको छ । यस कार्यक्रममार्फत् एक हजार जनालाई स्वरोजगारी तथा पाँच हजार जनालाई रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ ।

मदिराजन्य र सुर्तीजन्य उद्योगबाहेक सबै प्रकारका उद्योगको दर्ता तथा नवीकरण निःशुल्क गर्ने व्यवस्था गरिएको छ । साथै सीप विकास तथा रोजगारमूलक तालिमका कार्यक्रम सञ्चालन गरिने भएका छन् ।

कृषि, भूमि व्यवस्था तथा सहकारी क्षेत्रका लागि १ अर्ब ७८ करोड ७ लाख रुपैयाँ विनियोजन गरिएको छ । थप ५५० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार, फलफूल खेती प्रवर्द्धन, माटो परीक्षण, पशु स्वास्थ्य सेवा, खोरेतविरुद्ध खोप अभियान तथा कृषिजन्य उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

हुलाकी सडक आसपासका क्षेत्रमा दुग्ध तथा मासु उत्पादन बढाउन भैंसी प्रवर्द्धन कार्यक्रमका लागि ६ करोड ६५ लाख रुपैयाँ विनियोजन गरिएको छ । स्वास्थ्य क्षेत्रका लागि ५ अर्ब ६५ करोड ७२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । दुर्गम क्षेत्रमा मोबाइल मेडिकल भ्यानमार्फत् विशेषज्ञ सेवा, टेलिमेडिसिन सेवा विस्तार, सुरक्षित मातृत्व कार्यक्रम, निःशुल्क रक्तसञ्चार सेवा तथा क्यान्सर, मृगौला र मुटुरोगीलाई उपचार सहुलियतलाई निरन्तरता दिइने भएको छ । राप्ती प्रादेशिक अस्पताललाई २०० शैयामा स्तरोन्नति गर्न ४ करोड रुपैयाँ विनियोजन गरिएको छ भने लुम्बिनी प्रादेशिक अस्पतालसहित प्रमुख स्वास्थ्य संस्थाको पूर्वाधार विकासका लागि २ अर्ब १२ करोड रुपैयाँ छुट्याइएको छ ।

शिक्षा तथा सामाजिक विकास मन्त्रालयका लागि ३ अर्ब ५ करोड ४७ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । लुम्बिनी प्राविधिक विश्वविद्यालयको पूर्वाधार विकास, छात्रवृत्ति कार्यक्रम, सामुदायिक विद्यालयको स्तरोन्नति तथा सूचना प्रविधि पहुँच विस्तारलाई प्राथमिकता दिइएको छ । प्रदेशभर बालविवाह न्यूनीकरण अभियान सञ्चालन गर्न १० करोड ९० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## सुस्तावासीको पीडा

पछिल्ला केही दिनदेखि सुस्ता अशान्त छ । भारतीय सीमा सुरक्षा बलले निरन्तर गरेको दुर्व्यवहारले सुस्तावासीमा आक्रोश चुलिएको छ । प्रधानमन्त्री बालेन्द्र शाहले नेपालले पनि भारतको सीमा मिचेको भन्दै संसदमा बोलेपछि सुस्तामा भारतीय सीमा सुरक्षा बलले नेपाली नागरिकलाई अभद्र व्यवहार गर्ने क्रम बढेको छ ।

नवलपरासी पश्चिमस्थित नारायणी नदीको पूर्वी किनारमा नेपालले बनाइरहेको तटबन्ध निर्माणमा भारतीय सशस्त्र सीमा बल (एसएसबी)का सुरक्षाकर्मीहरू नेपालतर्फ आएर तटबन्ध निर्माणमा रोक लगाएका छन् । सुस्ता गाउँपालिका-५ मा सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय चितवनले दुई ठाउँमा तटबन्ध निर्माण गरिरहेको छ । एउटा १ सय मिटर लामो र अर्को १३२ मिटर लामो तटबन्ध निर्माणको काम अघि बढे पनि भारतीय पक्षले त्यसमा अवरोध गर्दै आएको छ । १३२ मिटर लम्बाइको तटबन्ध उपल्लो तहमा कुरा मिलाएर निर्माण सुरु गर्नुपर्ने भारतीय पक्षको दबाबले काम रोकिएको छ । सुस्तामा भारतीय दुर्व्यवहार नयाँ होइन्, पटक पटक नेपालीले दुर्व्यवहार झेल्दै आएका छन् । २०७० मा सुस्तामा सशस्त्र प्रहरी बलको इन्स्पेक्टरको कमाण्डमा बीओपी स्थापना गरेपछि दुर्व्यवहारको श्रृंखला रोकिएको हो । तर पछिल्ला दिनमा दुर्व्यवहार बढ्दा नेपालीलाई तनाव थपिएको छ । जेठ २९ मा भारतीय सुरक्षाकर्मीहरू नेपालतर्फ प्रवेश गरेपछि सुस्तावासीले प्रतिकार गरे । सुस्ता गाउँपालिका-५ स्थित थारु टोलमा एसएसबी प्रवेश गरेपछि स्थानीयले होहल्ला गर्दै प्रतिकार गरेपछि आफ्नो बाटो लागे ।

नारायणी नदीले आफ्नो धार बदलेर पश्चिमतिर सरेपछि सुस्ताको सीमा विवाद बल्झदै आएको छ । सुस्ता क्षेत्रमा भारतले १४ हजार ५ सय हेक्टर भूमि अतिक्रमण गरेको छ । पहिलेदेखि बल्झदै आएको समस्याको समाधान कसरी गर्ने भन्ने बारेमा सरकार गम्भीर नबन्दा अहिले झनै समस्या बल्झिएको छ ।

सीमा समस्याको समाधान सरकारको प्रष्ट नीति, अडान र छिमेकसँग प्रमाणको आधारमा वार्ता र छलफल गर्ने सार्मथ्यबाट नै गर्न सकिन्छ । तथ्य र प्रमाणको आधारमा वार्ता र छलफलका लागि कुटनीतिक तयारीमा लाग्नुपर्नेमा प्रधानमन्त्री नै तथ्यहिन ढंगले आफ्नो हात तलपर्ने गरी अभिव्यक्ति दिनु देशप्रतिको बेइमानी हो । मुलुकको सीमा जस्तो संवेदनशील विषयमा बोलेको विषयमा गलत मनशाय नराखेको, तर चिप्लिएको भए पनि प्रधानमन्त्रीले त्यसलाई गल्ती स्वीकार गर्न आवश्यक ठानेनन् । प्रधानमन्त्रीको भनाइले सीमा समस्यामा भारतीय पक्ष खेल्ने मौका पाएको छ । सीमा समस्याको वास्तविक भोगाई सुस्तावासीलाई छ । उनीहरुका समस्या समाधान गर्नु भनेको देशको सीमा जोगाउनु हो । शासकले नागरिकका आवाज र पीडा सुनेर बोल्दा मात्रै आफ्नो हित रक्षा हुन्छ ।

# 'सिफारिस'मा धमिरा लागे के हुन्छ ?



डा. प्रेमराज सिलवाल

आयोगको आबद्धता संयुक्त राष्ट्रसंघीय उच्चायुक्त कार्यालयसमेतका अन्तर्राष्ट्रिय संस्थाहरूमा भएकोले पनि सिफारिसलाई कार्यान्वयन गर्नुको विकल्प हुँदैन । आन्दोलन वा विरोधका नाममा हुने यस्ता गम्भीर प्रकृतिका फौजदारी अपराध, हिंसा र लुटपाट एवम् मानवअधिकारको हननमा राज्य आफैँले कानुनबमोजिम कारबाही नगर्ने र संवैधानिक आयोग मानवअधिकार आयोगको अनुसन्धान तथा सिफारिससमेत कार्यान्वयन नगर्ने हो भने मुलुक चरम दण्डहीनतातर्फ अघि बढ्दछ ।

आन्दोलनका नाममा भएका आगजनी, लुटपाट, हिंसा र अपराधलाई छुट दिने कुराले राज्य कस्तो बन्ने भन्ने चिन्ता छ । राज्यमा दण्डहीनता हुने हो भने संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषदको 'युनिभर्सल पिरियोडिक रिभ्यु' र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धतामा नेपालको मानवअधिकारको अवस्था झन नाजुक हुने स्थिति सिर्जना हुन्छ । मानवअधिकारको हननकर्ता र उल्लंघनकर्तालाई कानुनी कारबाही नहुने कुराले अन्तर्राष्ट्रिय दायित्व पूरा नगरेको हुने तथा नेपालमाथि दण्डहीनताको प्रश्न उठ्ने प्रस्टै छ । यसले मुलुकको अन्तर्राष्ट्रिय प्रतिबद्धता र प्रतीष्ठा ध्वस्त हुने हुन्छ । मानवअधिकारको विषय एक देशको मात्र होइन । अन्तर्राष्ट्रिय सरोकार र क्षेत्राधिकार भएको विषय पनि हो ।

माओवादी सशस्त्र युद्ध (सन् १९९६-२००६) क्रममा सन् २००६ को कपिलवस्तु जिल्लामा भएको यातनाजन्य मानवअधिकारविरोधी कार्यमा नेपाली सेनाका तत्कालिन कर्णेल कुमार लामालाई नेपालमा कानुनी कारबाही नहुँदा अन्तर्राष्ट्रिय चासो र क्षेत्राधिकार आकर्षित हुनपुग्यो । लामालाई सन् २०१३ मा बेलायत सरकारले पक्राउ गरी थुनिएको कुरा विर्सन हुँदैन । अर्थात्, आयोगको सिफारिसलाई सरकार र राज्यले गम्भीरतापूर्वक नलिने, कारबाही नै नगर्ने र अपहेलना गरी दण्डहीनताको अवस्था सिर्जना गर्दै जाने हो भने त्यस्ता विषय अन्तर्राष्ट्रिय क्षेत्राधिकारभित्र पुग्ने र प्रश्नैप्रश्न उठ्ने हुन्छ । यातना, गैरकानुनी हत्या, बलात्कार, गैरकानुनी नियन्त्रण र अपहरण, मानवताविरोधी अपराध जस्ता अपराधमा संलग्नलाई कानुनी कारबाही नहुने विषय अन्तर्राष्ट्रिय क्षेत्राधिकार आकर्षित हुने विषय हुन् ।

राष्ट्रिय मानवअधिकार आयोगले तयार पारेको प्रतिवेदन २०८३ साल जेठ १३ गते कार्यान्वयनको लागि नेपाल सरकारमा बुझायो । प्रतिवेदनले २०८२ सालको भदौ २३ मा भएको मानवअधिकारविरोधी दमन र २४ गते भएको संगठित अपराधपूर्ण क्रियाकलापको दोषीउपर कारबाहीका लागि औपचारिक सिफारिस गर्‍यो । जसमा पूर्व प्रधानमन्त्री ओली, गृहमन्त्री लेखकदेखि राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित १७ जना प्रतिनिधिसभाका सांसदसहित विभिन्न ५२ जनाको नाम उल्लेख छ । नेपालको संविधानको धारा २४९ को उपधारा २ (ग), (ङ) बमोजिम कारबाहीको लागि सिफारिस गरिएको भए पनि सरकारले संवैधानिक निकायको सिफारिसलाई गम्भीरतापूर्वक कार्यान्वयन गर्नेमा आशंका छ । आन्दोलनका नाममा सरकारी, सार्वजनिक र निजी भवन तथा सम्पत्तिमाथि आगजनी, लुटपाट, तोडफोडलगायतका संगठित अपराध गरी अर्बौंका भौतिक संरचनाको विनाश र गम्भीर मानवअधिकारको हनन गर्ने कार्य भयो । अपराधको छानबिन गर्न आयोगले गठन गरेको प्रतिवेदनले किटान गरी नेपाल सरकारलाई कारबाही गर्न सिफारिस गर्दा पनि सरकारले कारबाही गर्नेमा कमैलाई विश्वास छ । ललितपुरको नख्खु जेल तोडेर रास्वपा सभापति रवि लामिछानेसहित देशभरबाट १४ हजार बढी कैदी भगाइएको, जेल फोडिएको, प्रहरीका हतियार खोसिएको, प्रहरी र सुरक्षाकर्मीहरू मारिएको जस्ता गम्भीर अपराध गरेर कारागार ऐन, २०७९ को दफा ४९ को समेत उल्लंघन गरिएको प्रतिवेदनले उल्लेख गरेपछि कार्यान्वयनमा प्रश्नैप्रश्न तेर्सिएका हुन् ।

राष्ट्रिय मानवअधिकार संवैधानिक आयोग हो । सरकारले गठन गरेको कार्की आयोग जस्तो आयोग होइन । मानवअधिकार जस्तो गम्भीर र संवेदनशील विषयमा आयोगको सिफारिसलाई सरकारले कारवाही नगर्ने कुराले मुलुक चरम दण्डहीनता, कानुनी राज्यको प्रतिकूल हुने, अराजक र आपराधिक प्रवृत्तिले वैद्यता प्राप्त गर्न सक्ने अवस्थाको सिर्जना हुन्छ । सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्य भएको, मानवअधिकारसम्बन्धी विभिन्न महासन्धिहरू जस्तो नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९६६) लाई सन् १९९१ मे १४ मा अनुमोदन समेत गरिसकेको अवस्थामा नेपाल मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्व र प्रतिबद्धताबाट पछि हट्न सक्दैन । मानवअधिकारको सुरक्षा, संरक्षण र कार्यान्वयन गर्नु नेपालको अन्तर्राष्ट्रिय दायित्व मात्र होइन नेपालको संविधानअनुसार संवैधानिक र कानुनी दायित्व समेत हो ।

राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ को दफा १७ अनुसार तीन महिनाभित्र कारबाही गरी आयोगमा सूचना गर्नुपर्ने कानुनी व्यवस्था छ । आयोगको आबद्धता संयुक्त राष्ट्रसंघीय उच्चायुक्त कार्यालयसमेतका अन्तर्राष्ट्रिय संस्थाहरूमा भएकोले पनि सिफारिसलाई कार्यान्वयन गर्नुको विकल्प हुँदैन । आन्दोलन वा विरोधका नाममा हुने यस्ता गम्भीर प्रकृतिका फौजदारी अपराध, हिंसा र लुटपाट एवम् मानवअधिकारको हननमा राज्य आफैँले कानुनबमोजिम कारबाही नगर्ने र संवैधानिक आयोग मानवअधिकार आयोगको अनुसन्धान तथा सिफारिससमेत कार्यान्वयन नगर्ने हो भने मुलुक चरम दण्डहीनतातर्फ अघि बढ्दछ ।

संयुक्त राष्ट्रसंघद्वारा घोषणा गरिएको मानवअधिकारको विश्वव्यापी घोषणा (१९४८) को प्रस्तावनामा 'मानव परिवारका सबै सदस्यहरूको अन्तरनिहित प्रतिष्ठा तथा सम्मान समान हुने' लेखिएको छ । घोषणाको धारा १ मा 'सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन्' भनिएको छ । धारा ३ ले 'प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ' उल्लेख छ । धारा ६ मा 'कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय गरिने छैन' भन्ने समेत उल्लेख छ । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको रूपमा रहेका ठूला ९ वटा महासन्धिहरूमध्ये ७ वटालाई नेपालले हस्ताक्षर गरी अनुमोदनसमेत गरेको छ । जसमध्ये नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि (१९६६) ले नागरिकका मानवअधिकारलाई अन्तर्राष्ट्रिय कानुनी मान्यता दिएको देखिन्छ । उक्त महासन्धिको धारा ६ (१) ले 'प्रत्येक व्यक्तिमा जीवनको अन्तरनिहित अधिकार छ' भन्ने उल्लेख गरेको छ । धारा ७ मा 'कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन' भनिएको छ । धारा ९ (१) मा 'प्रत्येक व्यक्तिलाई स्वतन्त्रता र सुरक्षाको अधिकार' छ । संयुक्त राष्ट्रसंघको पहलमा फ्रान्सको राजधानी पेरिसमा सन् १९९१ अक्टोबर ७-९ सम्म भएको अन्तर्राष्ट्रिय बैठकबाट मानवअधिकारको संरक्षण गर्नेसम्बन्धी सिद्धान्त निर्माण गर्ने काम भयो । सन् १९९३ डिसेम्बर २० मा 'प्रिन्सिपल रिलेटिङ टु स्टेटस अफ नेसनल ह्युम्यान राइट इन्स्टिच्युसन' अर्थात् पेरिस सिद्धान्तलाई अन्तर्राष्ट्रिय कानुनसरह मानिएको छ । उक्त सिद्धान्तअनुसार स्वतन्त्र र अधिकारसम्पन्न हुने राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस कार्यान्वयन हुनु आवश्यक छ ।

अमेरिकी स्वतन्त्रता सेनानी डा. मार्टिन लुथर किङ जुनियर (१९२९-१९६८) ले 'कतै पनि अन्याय हुनु भनेको सबैतिर अन्याय हुने जोखिम वृद्धि हुनु हो' भन्नुभएको थियो । उक्त भनाइको विश्लेषण गर्ने हो भने पनि २०८२ साल भदौ २३-२४ को अपराधमा संलग्नलाई आयोगले गरेको सिफारिसबमोजिम सरकारले कानुनी कारबाही नगर्ने हो भने भोलीको समयमा दण्डहीनता र अन्यायको जोखिम बढ्ने कुरामा कुनै शंका छैन । फौजदारी प्रकृतिको अपराध र राजनीति एउटै कुरा होइनन् । 'फौजदारी न्यायको विषयमा राजनीतिकरण गर्ने प्रत्यक्ष वा परोक्ष कुनै पनि प्रयासले न्यायको स्वच्छताका लागि विषसरह हुने' भन्ने कुरा माधवकुमार बस्नेत वि. नेपाल सरकार भएको ने.का.प. २०७५, संवैधानिक इजलास भएको भाग १, अंक, नि.नं. ००४ मा सर्वोच्च अदालतले सिद्धान्त प्रतिपादन गरेको छ । माधवप्रसाद चम्लागाई वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ने.का.प. २०७६, अंक १, नि.नं. ००१९ संवैधानिक इजलासमा 'राज्यले सबै नागरिकलाई भेदभावरहित समान व्यवहार गर्नुपर्ने' कुरा बोलेको छ ।

अर्थात्, आन्दोलनको नाममा भएका गम्भीर प्रकृतिका अपराधमा संलग्नलाई कानुनी कारबाही नहुने हो भने राज्य अराजक र हिंस्रक बन्ने खतरा हुन्छ । त्यस्ता कार्यले नागरिकको बाँच्न पाउने आधारभूत अधिकारको हनन हुन पुग्दछ । लिलाधर भण्डारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत ने.का.प. २०६५, अंक ९, नि.नं. ८०१२ मा 'द्वन्द्वको कारणहरू जे भए पनि व्यक्तिको जीउ-ज्यान र सम्पत्ति अउलंघनीय रहन्छन् ।' 'द्वन्द्व चर्किएको कारणले मात्रै कसैको वैयक्तिक वा साम्पत्तिक हकमा हस्तक्षेप वा उल्लंघन गरेको कार्यले वैद्यता प्राप्त गर्न नसक्ने हुँदा द्वन्द्वको सिलसिलामा गरिएको भए पनि कानुनप्रदत्त हक हनन्को हरेक कार्य गैरकानुनी नै मानिने ।' 'संविधानको आधारभूत सिद्धान्तको रूपमा स्वीकृत सम्पत्तिको हकसहितको मौलिक हक, कानुनी राज्य र उत्तरदायी सरकारका सिद्धान्तहरू विपरीत सम्पत्तिको वास्तविक धनीलाई सम्पत्तिको उपभोग गर्न वा हक हस्तान्तरण गर्न नदिनु भनेको संवैधानिक राज्यको मौलिक आधारमा नै प्रहार गर्नु जस्तो हो' भनिएको छ । नेपाल सरकार वि. गगनदेव राय यादव भन्ने गगनराम यादवसमेत ने.का.प. २०६५, अंक ९, नि.नं. ८०१३ भएको मुद्दामा 'राजनीतिक व्यवस्था वा सरकार परिवर्तन हुँदैमा जनताको बाँच्न पाउने स्थापित मौलिक अधिकारको उपभोगलाई संकुचित गर्न नहुने' भनेर सिद्धान्त स्थापित भएको देखिन्छ । अधिवक्ता राजाराम ढकालसमेत वि. सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्रीको कार्यालयसमेत ने.का.प. २०६०, अंक ९, नि.नं. ७२७४ भएको रिटमा 'मानवअधिकार सम्पूर्ण मानव जातिलाई नैसर्गिक र निरन्तर रूपमा प्राप्त हुने विषय भएकाले यो सशस्त्र द्वन्द्वको बेला पनि क्रियाशील रहन्छ' भनिएको छ ।

अर्थात्, संवैधानिक आयोग 'राष्ट्रिय मानवअधिकार आयोग'को सिफारिसलाई सरकारले राजनीतिक आग्रह वा पूर्वाग्रहपूर्वक कारवाही नगर्ने हो भने नेपालमा मानवअधिकारको संकट गहिरिने छ । यसले अनेकौं प्रश्नको घेरामा राज्य, फौजदारी न्याय र राजनीतिक प्रणालीलाई धकेल्ने खतरा छ । संवैधानिक आयोगको सिफारिस कार्यान्वयन नहुने र धमिरा लाग्ने हो नेपाल अकल्पनीय संकट तथा द्वन्द्वको दुष्चक्रमा फस्नेछ ।

घटना र विचारबाट

# सेयर बजार ६.३१ अंकले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य अंकले घटेको छ । साताको कारोबार हुने तेस्रो दिन नेप्से परिसूचक ६.३१ अङ्कले ओरालो लागेर २७०५.४५ विन्दुमा पुगेर बन्द भएको छ । बजार सुरुवाती समयदेखि नै ओरालो लाग्ने क्रम देखिएको थियो ।

बजार परिसूचक घटे पनि कारोबार रकम भने उत्साहजनक नै देखिएको छ । दिनभरिमा कुल ३५५ वटा स्क्रिप्सको कारोबारमा १ करोड ७ लाख ८ हजार ५ सय ९६ कित्ता सेयर खरिदबिक्री भएका छन् ।

जसबाट कुल ४ अर्ब ४ करोड ७८ लाख ५८ हजार ८४ रुपैयाँ १२ पैसा बराबरको कारोबार भएको छ । कारोबार भएका कम्पनीहरूमध्ये ८० वटा कम्पनीको मूल्य बढ्दा १७७ वटा कम्पनीको मूल्य घटेको छ भने १५ वटा कम्पनीको मूल्य यथावत रहेको छ । कारोबार भएका कुल १३ उपसूचकहरूमध्ये ११ वटा उपसूचक नकारात्मक देखिएका छन् । व्यापार र म्युचुअल फन्ड उपसूचक मात्र बढेका छन् ।

सबैभन्दा धेरै नाफा कमाउनेमा सोपान फर्मास्युटिकल्स अग्रस्थानमा रह्यो, जसको सेयर मूल्य १५ प्रतिशत बढेको छ । त्यस्तै, एपोलो हाइड्रोपावरको मूल्य १४.९८ प्रतिशतले वृद्धि भएको छ । अर्कोतर्फ, बढी गुमाउने कम्पनीहरूमा सयपत्री हाइड्रोपावर को सेयर मूल्यमा ४.९० प्रतिशत र युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको मूल्यमा ४.०३ प्रतिशतको गिरावट आएको छ ।

कारोबार रकमका आधारमा आँखुखोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा रहन सफल भयो । उक्त कम्पनीको ३१ करोड ९९ लाख ४५ हजार ९५ रुपैयाँ बराबरको सेयर कारोबार भयो । यसैगरी सिद्धार्थ बैंक १८ करोड २७ लाख रुपैयाँ र रिलायन्स स्पिनिङ मिल्स १५ करोड ५ लाख रुपैयाँभन्दा बढीको कारोबारसहित क्रमशः दोस्रो र तेस्रो स्थानमा रहे ।

# उच्च रक्तचापको रोकथाम र व्यवस्थापन कसरी गर्ने ?



उच्च रक्तचाप भनेको यस्तो अवस्था हो जसमा रगत प्रवाह हुने रक्तनलीहरूमा चाप बढी हुने गर्छ । यसले गर्दा रक्तनलीहरूमा क्षति पुग्छ र ती रक्तनलीहरू बन्द हुने सम्भावना बढाउँछ ।

अधिकांश बिरामीहरूलाई बढ्दो उमेरसँगै उच्च रक्तचापको समस्या हुने गर्दछ। केही अन्य समस्या जसमा उच्च रक्तचाप कम उमेरमै देखिन थाल्छ, यसको कारण अरु नै हुन सक्दछ, जस्तैः मिर्गौला सम्बन्धी रोग, हर्मोनको गडबडी वा लामो समयसम्म स्टेरोइड जस्ता औषधिको सेवन हुन सक्छन् । कम उमेरमै हुने उच्च रक्तचापको कारणलाई सुधार गर्न सकिने हुन सक्छन् ।

**यस रोगका लक्षणहरू निम्न प्रकारका छन् :**

अधिकांश बिरामीहरूमा उच्च रक्तचापको कुनै पनि लक्षण नदेखिन सक्छ । यसै कारण यो रोगलाई थाहा नहुने मृत्युको कारक (साइलेन्ट किलर) पनि भन्ने गरिन्छ । उच्च रक्तचाप भन्नाले सिस्टोलिक रक्तचाप १४० एमएमएचजी वा सोभन्दा माथि र डायस्टोलिक रक्तचाप ९० एमएमएचजी वा सोभन्दा माथि वा रक्तचाप कम गर्न औषधि सेवन गर्नुपर्ने अवस्था हो । जब रक्तचाप धेरै बढेको हुन्छ, तब टाउको दुख्ने, नाकबाट रगत बग्ने वा चक्कर लाग्ने हुन सक्छ ।

लामो समयदेखि उच्च रक्तचापको बिरामीमा रक्तचापका कारण विभिन्न जटिलताहरू जस्तै मुटुरोग वा मिर्गौला सम्बन्धी रोग वा पक्षघात पनि हुन सक्छ । तपाईंको परिवारमा यदि कोही उच्च रक्तचापबाट ग्रसित छन् भने तपाईंलाई पनि यो समस्या हुन सक्ने प्रवल सम्भावना हुन्छ । यसका साथै कम शारीरिक क्रियाकलाप, बढ्दो तौल, रगतमा बढ्दो चिल्लोपना, धुम्रपान गर्नाले वा मधुमेह रोगले उच्च रक्तचाप हुने जोखिम बढाउँछ ।

उच्च रक्तचापलाई नियन्त्रण गर्ने विभिन्न औषधिहरू उपलब्ध छन् । त्यसमध्ये चिकित्सकले तपाईंको आवश्यकता अनुसार कुनै औषधि छनौट गर्न सक्नुहुनेछ । रक्तचापको दीर्घकालीन नकारात्मक असरहरूबाट बच्न यी औषधिहरू नियमित रूपमा सेवन गर्न जरुरी हुन्छ ।

**तपाईंले उच्च रक्तचापको रोकथाम र व्यवस्थापन कसरी गर्न सक्नुहुन्छ ?**

आफ्नो जीवनशैलीलाई परिवर्तन गर्नुहोस्

-सन्तुलित आहारमा बढी जोड दिने र आफ्नो स्वस्थ तौललाई कायम राख्ने ।

-खानामा नुनको प्रयोग कम गर्ने र फलफूल, सागसब्जी र दूधबाट उत्पादित चिल्लो कम भएका सामग्रीहरूको उपभोग प्रशस्त मात्रामा गर्ने ।

-नियमित शारीरिक व्यायाम गर्ने (हप्ताको कम्तीमा पाँच दिनसम्म हरेक दिन छिटो हिँड्ने, दौडिने, कमसेकम ३० मिनेट पौडी खेल्ने) ।

धुम्रपान नगर्ने तथा समयमै चिकित्सकसँग परामर्श लिनुहोस् । पूर्ण शारीरिक जाँच र उचित परीक्षण गराउनुपर्दछ । प्रायःजसो उच्च रक्तचाप बाहेक अन्य असामान्यताको पहिचान हुँदैन र यस्तो अवस्थालाई इसेन्टायल हाइपरटेन्सन भनिन्छ ।

नियमित रूपमा दिनहुँ औषधि सेवन गर्ने गर्नुपर्दछ । अन्यथा ती औषधिहरू लाभदायी हुने छैनन् । उच्च रक्तचापका बिरामीले आफ्नो रक्तचापको नियमित जाँच गराइराख्नु पर्दछ र साथै चिकित्सकको निर्देशन अनुसार समय-समयमा स्वास्थ्य जाँच गराउन जानु पर्दछ ।

समय-समयमा स्वास्थ्य जाँच गराउनाले तपाईंको रक्तचाप कतिको घटेको वा बढेको छ भन्ने कुरा जान्न सकिन्छ र सोही अनुरूप चिकित्सकले औषधिको मात्रा समायोजन गर्नेछन् । चिकित्सकको सल्लाह बिना तपाईं औषधि सेवन गर्न नछोड्नुहोस् । यदि औषधिको कारण केही प्रतिकूल असर भएमा, यसबारेमा आफ्नो चिकित्सकसँग सम्पर्क गर्नुहोस् ।

स्वास्थ्य खबरबाट

# टरिगाउँ विमानस्थलमा 'न त जहाजको टुङ्गो, न त बजेटकै'



**दीपक बोहरा**
*तुलसीपुर*

दाङको तुलसीपुर उप-महानगरपालिका-१२ स्थित टरिगाउँ विमानस्थल नेपालकै पुराना विमानस्थलमा पर्छ। विसं २०११ मा सञ्चालनमा आएको हो, तर यस विमानस्थल सुरुआतदेखि जत्रो थियो, त्योभन्दा ठूलो बनाउन सकिएको छैन। हाल विमानस्थलको लम्बाइ ७५० मिटर रहेको छ। धावनमार्ग सानो भएकै कारणले अहिले ठूला विमानहरु बस्न सक्दैनन्। उन्नाइस सिट क्षमताको जहाज मात्रै बस्छन्। त्योभन्दा ठूला जहाज बस्न नसक्दा नियमित पनि हुन सकेको छैन भने भाडा पनि महँगो हुँदा प्रभावकारी रुपमा सेवा सञ्चालन हुन सकेको छैन।

"हामीले हप्तामा चार दिन हवाई सेवा सञ्चालन गरिरहेका छौँ", नेपाल एयरलाइन्सका तुलसीपुर शाखा प्रमुख बलबहादुर सुनारले भने-"तर, नियमित छैन, कहिले महिनामा दुई दिन मात्रै पनि चल्छ।" आइतबार, मङ्गलबार, बिहीबार र शुक्रबार उडान हुने भनिए पनि नियमित हुन सकेको छैन। कहिले यात्रु नभएर समस्या हुन्छ भने कहिले मौसमले पनि आउन सक्दैन। यसले गर्दा यहाँका यात्रुहरु भैरहवा र नेपालगञ्ज जानुपर्ने बाध्यता रहेको छ। अहिलेको धावनमार्ग ७५० मिटर मात्रै लम्बाई हुँदा ठूला जहाज बस्न सक्दैनन्। यसको धावनमार्ग विस्तारका लागि पटक-पटक आवाज उठे पनि पूरा हुन सकेको छैन।

तुलसीपुर उप-महानगरपालिकाले उपप्रमुख स्यानी चौधरीको नेतृत्वमा विमानस्थल स्तरवृद्धिको पहलका लागि समिति गठन गरी काम अगाडि बढाएको थियो। "स्तरवृद्धिका लागि भनेर पटक-पटक मन्त्रालय धाउँदा पनि खासै उपलब्धि हुन सकेन। हाम्रो पालिकाभित्र भएकाले हामीले पहल लिइरहेका छौं।"-उपप्रमुख चौधरीले भने। उनका अनुसार उपमहानगरपालिकाले यसअघि आफैँले केही यात्रु बराबरको भाडा तिरिदिनेसहमति गरेर विमान नियमित बनाएको थियो भने तुलसीपुर उद्योग वाणिज्य सङ्घले पनि पटक-पटक विमान नियमित बनाउनलाई पहल लिइरहेको थियो।

सुरुआतमा दाङको टरिगाउँ विमानस्थलबाट जहाज रुकुमको सल्ले, चौरजहारी तथा बाँकेको नेपालगञ्ज समेत जान्थ्यो। सुरुमा टरिगाउँ विमानस्थलमा आएर यात्रु लैजानका लागि एक दिन नेपालगञ्ज हुँदै काठमाडौँ जाने गरेको नागरिक समाजका पूर्वअध्यक्ष टीकाराम रेग्मीले बताए। उनका अनुसार अर्को दिन टरिगाउँबाट रुकुमको चौरजहारी गएर पुनः काठमाडौँ जान्थ्यो भने तेस्रो दिन रुकुमको सल्ले गएर काठमाडौँ जान्थ्यो। त्यतिबेला 'डकोटा' नामको विमान चल्थ्यो। यसरी नियमित तीन दिन हवाई सेवा सञ्चालनमा हुन्थ्यो।

**वक्तव्यमा आउथ्यो, किताबमा आउँदैनथ्यो**

आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यदेखि दाङको टरिगाउँ विमानस्थलमा नियमितजसो बजेट वक्तव्यमा आउने गर्थ्यो तर बजेट भने नआउने समस्याले यस क्षेत्रका नागरिक आजित छन्। आव २०६८/६९ मा धावनमार्ग कालोपत्रे भएको थियो। "जतिबेला कर्मचारी सञ्चय कोषबाट ऋण लिएर देशका विभिन्न विमानस्थलहरुको कालोपत्रे गरिएको हो, त्यतिबेला हामीसँग पैसा थिएन", तत्कालीन पर्यटनमन्त्री लोकेन्द्र विष्ट मगरले भने-"कर्मचारी सञ्चय कोषबाट ऋण लिएर भए पनि कालोपत्रे गरेका हौँ।" त्योभन्दा अघि टरिगाउँ विमानस्थल घाँसेमैदान थियो।

करिब रु साढे आठ करोड लागतमा अस्पाल्ट प्रविधिबाट विमानस्थल कालोपत्रे भएको हो। त्यसपछि २०७८ सालतिर ५८ लाख लागतमा टर्मिनल भवन बन्यो। त्यसबाहेक अन्य बजेट आएको छैन। आगामी आव २०८३/८४ का लागि पनि बजेट वक्तव्यमा समावेश भएकाले यसपटक बजेट बिनियोजन हुने दाङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य कमल सुवेदीले बताए। उनले पहिलो चरणमा रु २५ करोडको हाराहारीमा बजेट विनियोजन गरेर बहुवर्षीय बनाउने गरी तयारी गरेको बताए। बहुवर्षीय बनाएमा यो विमानस्थल स्तरवृद्धि हुने उनको विश्वास छ।

खासगरी टरिगाउँ विमानस्थलको धावनमार्ग विस्तारका लागि बजेट आवश्यक हो। हाल ७५० मिटर लम्बाइ भएको धावनमार्गलाई बढाएर १५ सय मिटरसम्म बनाउन सकेमा मात्रै ठूला जहाज बस्न सक्छन् तर हाल १९ सिट क्षमताका टुइनेटर जहाज मात्रै बस्ने र सानो हावा वा हुस्सु लागेपछि बस्न नसक्ने अवस्था रहेको छ। कहिले आउने र कहिले नआउने हुँदा यात्रुहरुको विश्वास समेत जित्न नसक्दा यस क्षेत्रका यात्रुहरु भैरहवा वा नेपालगञ्ज जानुपर्ने बाध्यता छन्। २०११ सालदेखि २०४२ सालसम्म नियमित रूपमा विमान सञ्चालनमा भएको विमानस्थल त्यस बीचमा नियमित हुन सकेको थिएन। तै पनि कहिले आउने र कहिले नआउने गर्दै २०५८ सालसम्म चल्यो।

कालोपत्रे गरेपश्चात् पुनः २०७२ जेठ १४ गते गोमा एयरले उडान भर्न सुरु गरेको थियो तर त्यो एक वर्ष पुग्दानपुग्दै अवरुद्ध बन्न पुग्यो। हाल कहिलेकाहीँ नेपाल एयरलाइन्सले यस विमानस्थलमा उडान भरिरहेको छ। बादल वा हुस्सु लाग्यो वा सानो हावा लाग्यो भने पनि उडान हुँदैन। हाल हप्तामा चार दिन भनिए पनि महिनामा दुई दिनजसो मात्रै उडान हुने गरेको एयरलाइन्सका दाङ शाखा प्रमुख बलबहादुर सुनारले बताए। "हप्तामा चार दिनको तालिका छ", उनले भने-"तर, महिनाको दुई दिन पनि जहाज धौ-धौ आउँछ।"

**वैकल्पिक उपायको खोजी**

दाङमा वैकल्पिक विमानस्थलको बहस पनि थालियो। त्यसको मारमा पनि टरिगाउँ विमानस्थल परेको छ। आव २०७५/७६ को बजेटमै जिल्लामा वैकल्पिक विमानस्थलको खोजी गर्ने भनी बजेट आयो। त्यसकै जगमा आव २०७७/७८ र आव २०७८/७९ मा नारायणपुरमा अन्तरराष्ट्रियस्तरको विमानस्थल बनाउने भनी बजेट वक्तव्यमा समावेश भयो। केही बजेट पनि आयो तर काम हुन नसकी 'फ्रिज' भयो।

विमानस्थल विस्तारका लागि चार विकल्प दिइएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले विभिन्न चार विकल्प दिएर टरिगाउँ विमानस्थल विस्तार गर्न सकिने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएको छ, तर पहिलो विकल्प अनुसार नै काम गर्ने गरी अगाडि बढे पनि त्यो हुन सकेको छैन। पहिलो विकल्प भनेको हाल भइरहेको धावनमार्ग नै विस्तार गरी १२३० मिटर लम्बाई 'रनवे' हुन सक्छ भन्ने रहेको छ। यसका लागि ५७ बिघा जग्गा चाहिन्छ। अहिले विमानस्थलको ३९ विघा जग्गा छ। बाँकी सामुदायिक बनको १२ विघा, अधिग्रहण १.२ विघा र सार्वजनिक जग्गा ४.८ विघा लैजानुपर्ने हुन्छ।

यसरी विमानस्थल बनाउँदा रु छ अर्ब १५ करोड ९१ लाख ५४ हजार आठ सय लागत अनुमान गरिएको छ। यसमा फुटपाथ तथा संरचना निर्माणका लागि रु दुई अरब ७६ करोड ५० लाख ९४ हजार ८६०, भवनलगायतका सामग्रीहरुका लागि रु तीन अरब १३ करोड ४२ लाख ४० हजार, विविध कामका लागि रु १५ करोड ७३ लाख २० हजार र जग्गा अधिग्रहण तथा भवन निर्माणका लागि रु १० करोड २५ लाख लागत अनुमान गरिएको छ।

यस विकल्पअनुसार अहिले रहेका घरहरु हटाउनु पर्दैन। मन्दिर क्षेत्रको केही जग्गा प्रयोग हुनेछ। यसरी विमानस्थल बनाउँदा एकातिरबाट मात्रै अवतरण र उडान गर्नुपर्ने हुन्छ। यसमा रातको समयमा र कम 'भिजिविलिटी' हुँदा अवतरण गर्न कठिन हुन्छ। रातको समयमा हवाई अवतरण गर्नका लागि थप ४५० मिटर जमिन चाहिन्छ। यस अनुसार अनुसार काम गरेमा पाँच वर्षमा विमानस्थल बन्नेछ। यसमा आइई र इआइए गर्न दुई वर्ष लाग्नुका साथै जग्गा अधिग्रहण गरेपछि तीन वर्ष लाग्ने बताइएको छ।

**इन्धन डिपो पनि मारमा**

हाल सोही ठाउँमा नेपाल आयल निगमले इन्धन डिपो स्थापना गरिसकेको छ। त्यो सबै खर्च नेपाल आयल निगमको हो। विमानस्थलको जग्गा मात्रै निगमलाई उपलब्ध गराइएको हो, तर महिनामा एक/दुई पटक मात्रै इन्धन खपत हुने गर्दा त्यसबाट खासै आम्दानी लिन नसकिएको इन्धन डिपो कार्यालय तुलसीपुरका लेखा अधिकृत कैलाश देवकोटाले बताउनुभयो। "महिनामा एक-दुई पटक मात्रै इन्धन खपत हुन्छ," उनले भने-"त्यसले त हाम्रो लगानी अनुसार घाटा नै हुन्छ।" उनका अनुसार चालु आर्थिक वर्षको जेठसम्म ४० हजार ८६५ लिटर मात्रै इन्धन खपत भएको छ।

# निकुञ्जमा भौतिक पूर्वाधारमा लगानी गर्न आग्रह

नेपालगञ्ज (बाँके), २ असारः यहाँका पर्यटन व्यवसायीले बाँके राष्ट्रिय निकुञ्जमा भौतिक पूर्वाधार विकासमा लगानी गर्न आग्रह गरेका छन्।




निकुञ्जमा आउने पर्यटकको बसाइ बढाउने उद्देश्यले आग्रह गरिएको होटल तथा रिसोर्टको सञ्चालकहरूले बताएका छन्।

नेपाल एसोसिएसन अफ टूर एन्ड ट्राभल्स एजेन्ट (नाट्टा) बाँके च्याप्टरको समन्वयमा भारतीय पर्यटकसहितको प्रतिष्ठित उद्योगीलगायतको नेपाली टोलीले निकुञ्जको अवलोकन भ्रमणपछि पर्यटन प्रवर्द्धनका सम्भावित लगानीका विषयमा छलफल गरिएको छ।

नेपालगन्जका उद्योगी सञ्जय अग्रवालले बाँके राष्ट्रिय निकुञ्ज प्रचारप्रसार नभएका कारणले ओझेलमा परेको उल्लेख गर्दै आर्कषक होटल तथा रिसोर्टले यहाँको सौन्दर्य बढाउने बताए। उनले भने-"पर्यटक यहाँ आएर भरपूर आनन्द लिन्छन् तर उनीहरूलाई खाना तथा बस्नका लागि पनि राम्रो प्रबन्ध हुन जरुरी छ।"

उद्योगी अग्रवालले यहाँको मनमोहक हरियाली सुन्दर भएको औँल्याउँदै निकुञ्ज घुम्दै जाँदा देखिने चित्तल (चौका), हात्ती, मयुरलगायतका वन्यजन्तुले घुमफिरलाई रोमाञ्चक बनाउने उल्लेख गरे। "सुन्दर जङ्गल, छ त्यहाँभित्र डाँडा देखिएको छ, नदी बगिरहेको छ, वन्यजन्तु दौडिरहेका छन् यस्तो सुन्दरता कहाँ पाउन सकिन्छ।"-उनले भने।

अर्का उद्योगी चम्पालाल बोथ्राले निकुञ्जको प्रचारप्रसार हुन नसकेको उल्लेख गर्दै यसको प्रचारबाट पर्यटक भित्र्याउन सकिने बताए।

"प्रकृतिले सुन्दरतासँगै मनमोहक दृश्य पनि दिएको छ, यो अवलोकन गर्न यहाँ पर्यटक भित्र्याउनुपर्छ।"-उनले सुझाव दिए।

होटल पौवा प्रालिका अध्यक्ष दुर्गाप्रसाद भण्डारीले पर्यापर्यटनको प्रचुर सम्भावना रहेको यस क्षेत्रमा होटल तथा पर्यटनमा दीर्घकालीन लगानी आवश्यक भएको धारणा व्यक्त गरे।

राप्तीसोनारी गाउँपालिकाका अध्यक्ष तप्त पौडेलले पर्यटन र उद्योगका लागि पालिकामा लगानी भित्र्याउँदै सहजीकरण गर्न आफूहरू तयार भएको जनाए। निकुञ्जकी नेचर गाइड उमा ओलीले चुरे भावर क्षेत्रसँगै यहाँ चौका, बाघलगायत वन्यजन्तुको अवलोकन गर्न बाँके राष्ट्रिय निकुञ्ज भ्रमण गर्न सुझाव दिँदै निकुञ्जसँगै राजमार्ग र विमानस्थलको पहुँच रहेको बताइन्। "काठमाडौँबाट यहाँ आएर बाँके राष्ट्रिय निकुञ्जमा दिनभर सफारी गरेर बेलुका फर्किन सकिन्छ।"-उनले भनिन्।

नेपाल एसोसिएसन अफ टूर एन्ड ट्राभल्स एजेन्ट (नाट्टा) बाँके च्याप्टरका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले निकुञ्ज करिब २० किलोमिटर नेपाल-भारत सीमा नजिक रहेकाले भारतीय पर्यटकलाई भित्र्याउने वातावरण निर्माण भए त्यसले अर्थतन्त्रमा योगदान पुऱ्याउने बताए।

उनले निकुञ्ज आसपासमा ग्रामीण पर्यटनलाई महत्व दिएर लोक संस्कृतिको जर्गेना गर्न सकिने उल्लेख गरे। निकुञ्जमा निर्माण भएका घरबासमा अहिले पनि थारू समुदायका परिकारका रूपमा रहेको अनदी चामलको ढिक्री, आलुको अचार डोक्नीको चटनीलगायतका परिकार खान पाइन्छ।

# जेठमा घर जग्गा कारोबारबाट पाँच अर्ब २४ करोड राजस्व सङ्कलन

काठमाडौँ। देशभरका भूमि प्रशासन कार्यालयले गत जेठ महिनामा रु पाँच अर्ब २४ करोड ४२ लाख ५१ हजार १०१ बराबर राजस्व सङ्कलन गरेका छन्।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार देशभरका १३८ भूमि प्रशासन कार्यालयले सेवाकरबाट रु २८ करोड ६६ लाख ३२ हजार ५६० सङ्कलन गरेको छ।

यस्तै, रजिष्ट्रेसन दस्तुरबाट रु दुई अर्ब ७८ करोड ५१ लाख १६ हजार २२६, पुँजीगत लाभकरबाट रु दुई अर्ब १२ करोड ३१ लाख ४२ हजार ६४४ सङ्कलन गरेको छ।

विभागका अनुसार भूमि प्रशासन कार्यालय डिल्लीबजारले रु ३४ करोड ४४ हजार, टोखाले रु १० करोड ९९ लाख २३ हजार, चाबहिलले रु ३१ करोड ४२ लाख १९ हजार बराबरको राजस्व सङ्कलन गरेको छ।

विभागका अनुसार गत बैशाख महिनामा देशभरका मालपोत कार्यालयहरूले कुल रु छ अर्ब २६ करोड ३८ लाख २९ हजार ८७३ बराबरको राजस्व सङ्कलन गरेका थिए।

यस्तै, गत चैतमा कुल रु छ अर्ब १६ करोड ५७ लाख ५० हजार ११७ राजस्व सङ्कलन गरेका थिए। त्यस्तै, गत फागुनमा रु चार अर्ब १४ करोड ९५ लाख ४८ हजार ९३२ र गत माघमा भने रु पाँच अर्ब ९९ लाख २४ हजार ५३६ बराबरको राजस्व सङ्कलन भएको थियो।

# स्थानीय तहमा विपद् कोष सञ्चालन



नेपालगञ्ज। बाँकेका आठ वटा स्थानीय निकायले विपद् जोखिम न्यूनीकरणका लागि नीति निर्माणसँगै विपद् कोष सञ्चालन गरेका छन्।

विपद् कोषमा, नेपालगञ्ज उपमहानगरपालिकाले रु एक करोड २८ लाख कोहलपुर नगरपालिकाले रु १३ लाख ८२ हजार, खजुरा गाउँपालिकाले रु ८१ लाख १० हजार, जानकी गाउँपालिकाले रु १२ लाख ५८ हजार, डुडुवा गाउँपालिकाले रु १० लाख, राप्तीसोनारी गाउँपालिकाले रु दुई लाख ७३ हजार, नरैनापुर गाउँपालिकाले कोषमा रु पाँच लाख, वैजनाथ गाउँपालिकामा ५५ लाख ४८ हजार जम्मा गरेका छन्। स्थानीय तहले सम्भावित विपद्को पूर्वानुमान गर्दै विपद् कोष सञ्चालन गरेको जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रका सूचना अधिकृत रूपन ज्ञवालीले बताए।

नरैनापुर गाउँपालिकाका वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाका प्रमुख विनोद चौधरीले नरैनापुरमा पटक पटक आगलागी र डुबानको समस्या हुने गरेको जनाए।

बाँकेमा विपद् पूर्वतयारीका लागि आवश्यक सामग्री भण्डारण गरिएका जिल्ला विपद् व्यवस्थापन समितिले, बाँकेले जनाएको छ। बाढी वा आगलागीका घटनामा परेकालाई उद्धारका लागि आठ स्थानीय तहमा १९ हेलिप्याड, १२ रबरबोटसहितका जनशक्ति राखिएको छ।

**लुम्बिनीको** ...

महिलाको आर्थिक सशक्तीकरण तथा सामाजिक न्यायका कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ।

पर्यटन क्षेत्रलाई आर्थिक विकासको आधार बनाउने लक्ष्यसहित सुकौरा पर्यटकीय क्षेत्र, थारु सङ्ग्रहालय, फुटाहा ताल, अर्घा दरबार, सुपादेउराली-स्वर्गद्वारी पर्यटकीय मार्गलगायतका आयोजनाका लागि बजेट व्यवस्था गरिएको छ। पर्यटन पूर्वाधार तथा संस्कृति प्रवर्द्धनका अधुरा योजनाहरू सम्पन्न गर्न २० करोड रुपैयाँ विनियोजन गरिएको छ। लुम्बिनीलाई आरोग्य पर्यटन केन्द्रका रूपमा विकास गर्ने कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि सबैभन्दा बढी १० अर्ब १८ करोड ४५ लाख रुपैयाँ विनियोजन गरिएको छ। प्रदेश गौरवका आयोजना, बहुवर्षीय सडक तथा पुल आयोजना, रणनीतिक सडक सञ्जाल विस्तार तथा सडक सुरक्षाका कार्यक्रमलाई प्राथमिकता दिइएको छ। आगामी वर्ष १८० किलोमिटर सडक कालोपत्रे, १२५ किलोमिटर सडक ग्राभेल, ३० वटा सडक पुल तथा १० वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

'एक घर, एक धारा' अभियानलाई निरन्तरता दिँदै ८० प्रतिशतभन्दा बढी प्रगति भएका खानेपानी आयोजना सम्पन्न गर्न ६६ करोड ६० लाख रुपैयाँ विनियोजन गरिएको छ। सिँचाइ विस्तारका लागि ८६ करोड ४१ लाख रुपैयाँ तथा नदी नियन्त्रण, तटबन्ध निर्माण र जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि ३५ करोड ४७ लाख रुपैयाँ छुट्याइएको छ।

प्रदेश सरकारले 'डिजिटल लुम्बिनी अभियान' सञ्चालन गर्ने भएको छ। कृत्रिम बुद्धिमत्ता, डिजिटल सेवा प्रवाह, एकीकृत डाटा व्यवस्थापन तथा सरकारी कामकारबाहीलाई प्रविधिमैत्री बनाउने कार्यक्रमलाई प्राथमिकता दिइएको छ। प्रदेशका युवालाई सूचना प्रविधि र कृत्रिम बुद्धिमत्तासम्बन्धी तालिम प्रदान गरी कम्तीमा १०० जनालाई स्वरोजगार बनाउने लक्ष्य लिइएको छ।

वित्तीय समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदान र राजस्व बाँडफाँटमार्फत् स्थानीय तहलाई ५ अर्बभन्दा बढी रकम हस्तान्तरण हुने अनुमान गरिएको छ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**मकै पिस्दै स्थानीयवासी:**
प्यूठानको नौबहिनी गाउँपालिका-१ स्थित पहाडी गाउँ स्यालिबाङमा घरमै जडान गरिएको विद्युतीय चक्कीमा मकै पिस्दै स्थानीयवासी। पहाडी गाउँमा विद्युत् सेवा पुगेसँगै परम्परागत ढिकी,जाँतोको विकल्पका रूपमा विद्युतीय चक्कीको प्रयोग बढ्दै गएको छ। तस्विरः रासस

# दाङमा तीन प्रदेशका विशेषाधिकार समितिको सम्मेलन

दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशसभाका विशेषाधिकार समितिहरूबिचको समन्वय, अनुभव आदानप्रदान र साझा सिकाइले संघीय लोकतान्त्रिक व्यवस्थालाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने बताएका छन् ।

लुम्बिनी प्रदेशसभाको विशेषाधिकार समितिको आयोजनामा दाङको राप्ती उपत्यकास्थित लुम्बिनी सभाहलमा सुरु भएको बागमती, सुदूरपश्चिम र लुम्बिनी प्रदेशसभाका विशेषाधिकार समितिका सभापति तथा सदस्यहरूको राष्ट्रिय सम्मेलनको मंगलबार उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले यो सम्मेलन संघीयता मजबुत बनाउने कोसेढुङ्गा सावित हुने विश्वास व्यक्त गरेका हुन् । प्रदेशहरू स्वायत्त र सक्षम रहेको उल्लेख गर्दै उनले अन्तरसंवाद र अनुभव आदानप्रदानबाट रहेका कमी कमजोरीहरू हटाउन सहयोग पुग्ने बताए । मुख्यमन्त्री आचार्यले प्रदेश सरकार जनताको साथी र सारथीका रूपमा स्थापित भएको बताउँदै प्रदेशहरूले सीमित स्रोत साधनका बिच पनि उल्लेखनीय प्रतिफल दिएको जनाए । प्रदेश सरकारले चालु खर्चको तुलनामा दोब्बर पूँजीगत खर्च गर्दै विकास निर्माणलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै संघीयताविरुद्ध फैलाइएका भ्रम र अफवाहलाई तथ्यका आधारमा खण्डन गर्न विशेषाधिकार समितिहरू सफल हुने अपेक्षा व्यक्त गरे ।

उनले संघीयतामाथि विभिन्न कोणबाट चुनौती र षड्यन्त्र हुने गरेको उल्लेख गर्दै लोकतान्त्रिक व्यवस्थाको संस्थागत सुदृढीकरणका लागि प्रदेश सभाहरूको भूमिका अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशले भौतिक पूर्वाधार निर्माणमा महत्वपूर्ण उपलब्धि हासिल गरेको उल्लेख गर्दै आगामी आर्थिक वर्षमा थप प्रभावकारी परिणाम प्राप्त हुने विश्वास व्यक्त गरे । लुम्बिनी प्रादेशिक अस्पताल, लुम्बिनी प्राविधिक विश्वविद्यालय तथा अन्य प्रदेश गौरवका आयोजनाहरू सफलतापूर्वक अघि बढिरहेको उनले बताए । प्रदेश सरकारका मन्त्रालयको संख्या १२ बाट ८ मा झारेर प्रशासनिक खर्च नियन्त्रण र कार्यसम्पादनमा सुधार ल्याउनेगरी कामहरु अघि बढेको पनि उनले जानकारी दिए ।

विशेषाधिकार समिति लुम्बिनी प्रदेश सभाका सभापति गिरधारीलाल न्यौपानेले प्रस्तुत गरेको अवधारणा पत्रमा प्रदेशसभाको गरिमा, स्वतन्त्रता, प्रभावकारिता र उत्तरदायित्वलाई सुदृढ बनाउन विशेषाधिकार समितिको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरिएको थियो । समितिहरूबिच संस्थागत समन्वय अभिवृद्धि गर्ने, संसदीय विशेषाधिकारसम्बन्धी अभ्यासको समीक्षा गर्ने, साझा मापदण्ड विकास गर्ने तथा अन्तरसंसदीय सहकार्य विस्तार गर्ने उद्देश्यका साथ सम्मेलन आयोजना गरिएको जानकारी दिइएको छ ।

सो अवसरमा सुदूरपश्चिम प्रदेशका पूर्व मुख्यमन्त्री राजेन्द्रसिंह रावलले संघीयता सफल बनाउन प्रदेश संरचनालाई थप बलियो बनाउनुपर्ने बताए । लुम्बिनी प्रदेशकी उपसभामुख मेनुका खाँण केसी, संविधानसभा सदस्य खिमलाल देवकोटा, बागमती प्रदेश विशेषाधिकार समितिकी सभापति मायादेवी शर्मा तथा सुदूरपश्चिम प्रदेश विशेषाधिकार समितिका सभापति तुलसी देवकोटालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

विशेषाधिकार समितिका सदस्य अम्बिका काफ्लेको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सहजीकरण समितिका सदस्य निमा गिरीले गरेकी थिइ । सम्मेलनमा तीनै प्रदेशका विशेषाधिकार समितिका सभापति, सदस्य, प्रदेश सभा पदाधिकारी, विज्ञ तथा कर्मचारीहरूको सहभागिता रहेको छ ।

# स्याङ्जामा चालु खर्चको तुलनामा पुँजीगत न्यून खर्च



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जामा प्रदेश सरकारबाट विनियोजित कुल बजेटमध्ये चालु खर्चको तुलनामा पुँजीगत खर्च अत्यन्त न्यून भएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिना (साउनदेखि जेष्ठ मसान्तसम्म) को अवधिमा चालुतर्फ ५७ प्रतिशत खर्च हुँदा पुँजीगत झण्डै ३७ प्रतिशत मात्रै खर्च भएको छ ।

चालु वर्षका लागि विनियोजित दुई अर्ब ६६ करोड २० लाख ११ हजार ६३२ रुपैयाँ कुल बजेटमध्ये हालसम्म समग्रमा ४३ प्रतिशत अर्थात् एक अर्ब १५ करोड १९ लाख १५ हजार ९७१ रुपैयाँ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले जनाएको छ ।

यस अवधिमा पुँगीगत खर्चतर्फ विनियोजित एक अर्ब ८६ करोड ५९ लाख ६० हजार ४३५ रुपैयाँको ३७ प्रतिशतले हुने ६९ करोड ५८ लाख १३ हजार २२ रुपैयाँ मात्रै खर्च भएको छ । त्यस्तै चालुतर्फ विनियोजित ७९ करोड ६० लाख ५१ हजार १९७ रुपैयाँको ५७ प्रतिशत भन्दा बढी अर्थात ४५ करोड ६१ लाख दुई हजार ९४८ रुपैयाँ खर्च भएको कार्यालयले जानकारी दिएको छ ।

कार्यालयका अनुसार जिल्लामा पुँजीगततर्फको खर्च अत्यन्त न्यून गर्ने प्रदेश मातहतका कार्यालयमध्ये प्रदेश जनस्वास्थ्य शून्य, जिल्ला अस्पताल ३ प्रतिशत, आँधीखोला बहुप्राविधिक शिक्षालय ७ प्रतिशत, डिभिजन वन कार्यालय ८ प्रतिशत, एकीकृत सेवा कार्यालय झण्डै १० प्रतिशत, प्रदेश आयुर्वेद चिकित्सालय १८ प्रतिशत र कृषि विकास कार्यालय २९ प्रतिशत रहेको कोष तथा लेखा नियन्त्रक थमनारायण अर्यालले जानकारी दिए ।

त्यसैगरी जिल्लामा भौतिक पूर्वाधार निर्माणमा मोटो रकम विनियोजन भएका कार्यालयमध्ये पुँजीगत खर्च न्यून गर्नेमा पूर्वाधार विकास कार्यालय ३३ प्रतिशत, खानेपानी तथा सरसफाइ ४९ प्रतिशत र जलश्रोत तथा सिँचाइ डिभिजन ५५ प्रतिशत रहेको छ । ठूला पूर्वाधार निर्माणको जिम्मेवारी पाएका तीन कार्यालयको कुल एक अर्ब ६७ करोड ६५ लाख २२ हजार ४३५ रुपैयाँ बजेटको झण्डै ४० प्रतिशत अर्थात् ६७ करोड ३४ लाख ७३ हजार १४० रुपैयाँ मात्रै पुँजीगत खर्च रहेको छ ।

उता संघीय सरकारबाट विनियोजित ७ अर्ब ९० करोड १२ लाख ७६ हजार ३९५ रुपैयाँको कुल बजोटको ८५ प्रतिशत भन्दा बढी अर्थात् ६ अर्ब ७२ करोड ४० लाख २१ हजार १७२ रुपैयाँ खर्च भएको कार्यालयले जनाएको छ । संघीय सरकारको कुल बजेट समग्रमा खर्च तुलनात्मक रुपमा राम्रो देखिएपनि पुँजीगत खर्चतर्फको अवस्था उस्तै नाजुक रहेको कार्यालयले जनाएको छ ।

संघीय सरकारको कुल बजेटमध्ये चालुतर्फ विनियोजित ७ अर्ब ७३ करोड ८६ लाख ९३ हजार ३९५ रुपैयाँको ८५ प्रतिशत अर्थात् ६ अर्ब ६२ करोड तीन लाख ४८ हजार ९४८ रुपैयाँ खर्च भएको छ भने पुँजीगत १६ करोड २५ लाख ८३ हजार विनियोजन भएकोमा ६३ प्रतिशत अर्थात् १० करोड ३६ लाख ७२ हजार २२४ रुपैयाँ खर्च भएको जनाइएको छ ।

# व्यापार संघद्वारा विभिन्न संस्थाहरूलाई सम्मान



बुटवल । रुपन्देही व्यापार संघद्वारा विभिन्न संघसंस्थाका पदाधिकारीलाई स्वागत तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ । मंगलबार संघको सचिवालयमा आयोजित उक्त कार्यक्रममा उच्च अदालत बार एशोसिएन बुटवललगायतका संस्थाहरुलाई सम्मान गरिएको हो ।

संघका अध्यक्ष प्रकाश ढकालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा उच्च अदालत वार एशोसिएनको हालै सम्पन्न २१औं अधिवेशनबाट निर्वाचित अध्यक्ष अधिवक्ता माधवप्रसाद घिमिरे, उपाध्यक्ष अधिवक्ता ओमप्रसाद पंगेनी, सचिव अधिवक्ता लोकप्रसाद खरेल, कोषाध्यक्ष अधिवक्ता मिना महत जि.सी., सह सचिव अधिवक्ता निशा कुमारी खरेल एवं सदस्यहरुअधिवक्ता मनोज श्रेष्ठ, अधिवक्ता रामप्रसाद भुसाल, अधिवक्ता चर्तुभुज पन्त, अधिवक्ता दामोदर घिमिरे, अधिवक्ता मुन्नी न्यौपाने, अधिवक्ता बाबुराम न्यौपाने, अधिवक्ता संजिता पौडेल र अधिवक्ता कृष्णा रोकालाई सम्मान गरिएको हो ।

यस्तै कार्यक्रममा भारतीय आर्दश व्यापार मंडलको नेपाल राष्ट्र अध्यक्षमा नियुक्ति भएका संघका संस्थापक महासचिव गोपालप्रसाद अधिकारी तथा नेपाल आयुर्वेद औषधि व्यवसायी संघ लुम्बिनी प्रदेशको हालै सम्पन्न तेस्रो अधिवेशनबाट अध्यक्षमा निर्वाचित संघका साधारण सदस्य बाबुराम खनाललाई पनि सम्पन्न गरिएको छ ।

यस्तै कार्यक्रमकै अवसरमा हालै चितवनमा सम्पन्न फेन्सी व्यावसायीहरुको राष्ट्रिय भेलाबाट उपाध्यक्षमा निर्वाचित संघका कार्यसमिति सदस्य विजय ज्ञवाली र सदस्यमा निर्वाचित संघअन्तर्गतको फेन्सी वस्तुगत उप-समितिका कोषाध्यक्ष वेगप्रसाद पाण्डेलाई पनि सम्मान गरिएको हो । कार्यक्रम संघका महासचिव प्रकाशराज पौडेलको सञ्चालन एवं कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराईको धन्यवाद ज्ञापनमा सम्पन्न भएको थियो ।

# सुनवल युनाइटेड एन.सी.सी तालिम शुभारम्भ



सुनवल । सुनवल ४, नवलपरासीमा अवस्थित विद्यालय सुनवल युनाइटेड अंग्रेजी आवासीय माविमा राष्ट्रिय सेवा दल तालिमको सन्दर्भमा गोरखदल गण रामग्राम, नवलपरासीका गणपति प्रमुख सेनानी सुरेन्द्रजंग थापाबाट प्रथम प्रवचनसहित तालिम सुरुवात गरिएको छ ।

उक्त प्रवचन कार्यक्रममा विद्यालयका प्रधानाध्यापक धनराज चापागाईं, गोरखदल गणका उपसेनानी प्रभा बस्नेत, शिक्षक, शिक्षिका तालिम प्रदान गर्ने सैन्य शिक्षकहरु, अभिभावकहरु, छनौट भएका विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

उक्त तालिम जिल्ला सदरमुकाम परासीमा अवस्थित गोरखदल गणको समन्वयमा ३ महिनासम्म विद्यालयमा सञ्चालन गरिने गोरखदल गण परासीले जनाएको छ ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा 'युरोलोजी' सेवा सञ्चालन

तुलसीपुर । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा युरोलोजी (मूत्ररोग) सेवा सोमबारदेखि सुरु भएपछि सेवा लिन आउने सेवाग्राही खुसी भएका छन् ।

प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख डा. सुरेश रसाइलीले युरोलोजी सेवा स्थानीयस्तरमा नै प्रभावकारी बनेसँगै बिरामीहरू खुसी भएको बताए ।

यसअघि जिल्लामा युरोलोजी सेवा नहुँदा सामान्यदेखि विशेषज्ञ उपचारका लागि बिरामीलाई बाहिरका सहर जानुपर्ने बाध्यता थियो । तर, प्रतिष्ठानमा अत्याधुनिक उपकरणसहित यो सेवा विस्तार भएपछि उक्त समस्या समाधान भएको छ । प्रतिष्ठानका युरोलोजिस्ट सर्जन डा. सुशील खनियाँको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीसहितको टोलीले सानादेखि ठूला शल्यक्रिया अहिले सञ्चालनमा ल्याएपछि सेवाग्राही सन्तुष्ट भएका हुन् । हाल ओपिडी सेवामार्फत दैनिक ७० भन्दा बढी बिरामीले परामर्श तथा उपचार सेवा लिइरहेका छन् ।

प्रतिष्ठानको तथ्याङ्कअनुसार बैशाख १ देखि ३१ गतेसम्म युरोलोजी विभागबाट ११३ जना बिरामीको सफल शल्यक्रियासमेत भएको छ । सोही अवधिमा युरोलोजीतर्फ ५०५ जना बिरामीले ओपिडी सेवा पाएको डा. खनियाँले बताए । युरोलोजी सेवाअन्तर्गत भर्ना गरेर ६१ जना बिरामीको उपचार गरिएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं
- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल / मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल ढोकामा जालीको प्रयोग गरौं.
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।
नेपाल सरकार विज्ञापन बोर्ड




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com